### Brief Programme Report on

# Ratification of Rome Statute and its jurisdiction

29 July 2008, Kathmandu

Organizer:

- **FOHRID, Human Rights and Democratic Forum**
- **Task Force to Combat against Impunity**
  Secretariat: FOHRID Human Rights and Democratic Forum, GPO Box 19186,
  Dillibazar, Kathmandu, Nepal, Tel: +977 1 44 23 125Fax: +977 1 4 438812
  Email : fohrid@wlink.com.np webpage: www.fohrid.org.np

An interaction program entitled **"Ratification of Rome Statute and its jurisdiction"** was organized by Human Rights and Democratic Forum (FOHRID) and Task Force to Combat against Impunity on 29 July 2008 in Kathmandu on occasion of the 10th anniversary of the endorsement of Rome Statute of ICC.

Dr. Trilochan Upreti, Secretary, Law, Justice and Parliamentary Affairs said that despite directive from the then legislature-parliament passed two years ago, the accession into the Rome Statute could not be prioritized due to political instability, change in the government, and lack of political consensus. He said that we have to think about how we can reform and restructure legal mechanism to prepare for the accession into the Rome Statute. Mr. Madhab Paudel, Secretary, Office of the Prime Minister and Council of Ministers expressed commitments on behalf of the government to ensure identification of Nepal as a country that protects human rights, promotes good governance and fulfills international obligations. Secretary Paudel added that Nepal should become state party to the Rome Statute because it also helps protection of human rights.




Mr. Yagya Murti Banjade, Attorney General said that there is lack of effective victims oriented law in Nepal. He opined that impunity is prevalent not only in the serious incidents but also in the small incidents that are the concerns of the public. Mr. Banjade suggested that the government should establish one permanent commission to revise and update criminal justice system every five years. Dr. Ram Krishna Timilsina, Registrar of the Supreme Court said that two committees were formed to study the obligations and impacts that come forth after accession into the Rome Statute but the government has not uncovered these reports till now. Dr. Timilsina stressed the need to train the lawyers including judges and attorneys on the international criminal judicial system and ICC.

Speaking on the occasion, Advocate Sapana Pradhan Malla, Constituent Assembly Member said that the perpetrators are enjoying impunity due to protection from the state, non-state actors and political parties. She expressed her concerns over the criminal activities from organized and unorganized groups that are happening even during the peace process. She said that we should not wait to establish infrastructure to accede to the Rome Statute, rather we can take both the things together.

Sapana Pradhan Malla, Constituent Assembly Member unveiled second edition of the **"International instruments developed against impunity"**, a compilation of 20 international instruments including Rome Statute of ICC, Elements of Crimes and Rules of Procedure and Evidence of ICC. FOHRID announced its plan to disseminate the publication in bulk to the Office of the Attorney General (450 copies), judiciary (200 copies), Security Agencies including Nepal Army (80 copies), Nepal Police (60 copies) and Armed Police Force (60 copies), National Human Rights Commission (20 copies), Nepal Bar Association (15 copies) and ESP Nepal (200 copies) for use by the judges, attorneys, the security officials and other stakeholders. The remaining copies will be disseminated among Ministries, human rights community, civil society, UN agencies, European Union, development agencies, diplomatic missions, donor communities, INGOs etc. First edition of this publication was brought out with the financial assistance from the EIDHR, EU and the second edition is published with the funding from the Enabling State PRogramme (ESP) Nepal.




Constituent Assembly Members Mr. Nilambar Acharya, Mr. Narahari Acharya, Mr. Lal Babu Pandit and Mr. Jagadish Narasingha K.C. expressed political commitment to take initiative for ratification of Rome Statute on the occasion. Other speakers including Mr. Gauri Pradhan, Member, National Human Rights Commission, Mr. Charan Prasain, Convener, Joint Forum for Human Rights and Advocate Dr. Shankar Kumar Shrestha, Victimologist demanded government to immediately ratify Rome Statute.

Advocate Rabindra Bhattarai presented discussion paper entitled "Necessity to accede into the Rome Statute of ICC and the problems ahead". Similarly, Advocate Govinda Sharma Bandi, Coordinator of Year Long Campaign against Impunity presented another discussion paper entitled "International Criminal Court". The representatives of government agencies, security agencies, human rights community and civil society actively discussed on the important issues raised by the papers. The participants demanded the government to transform the political commitment expressed through the resolution of the reinstated legislature-parliament and other agreements into reality by acceding to the Rome Statute of the ICC immediately.

Speaking as Chair of the program senior human rights defender and President of FOHRID Nutan Thapaliya highlighted the benefits Nepal can get after ratification of Rome Statute. Mr. Thapaliya said that accountability can be strengthened by ratifying the Rome Statute of ICC; hence, the state should take immediate measures in this regard. Advocate Birendra Thapaliya, Chairperson of FOHRID facilitated the interaction program.

### Participation

Almost 80 participants representing various walks of life including Constituent Assembly Members, high level representatives from the Office of the Prime Minister and Council of Ministers, Ministry for Law, Justice and Parliamentary Affairs, Supreme Court, Office of teh Attorney General, security agencies including Nepal Army, Nepal Police and Armed Police Force, lawyers, journalists, human rights activists particpated the program. Please see Annex 1 for list of participants and Annex 2 for detail program.

**Annex 1 List of participants**

1. Sapana Pradhan Malla, CA Member, CPN-UML
2. Nilambar Acharya, CA Member, Nepali Congress
3. Lal Babu Pandit, CA Member, CPN-UML
4. Narahari Acharya, CA Member, Nepali Congress
5. Jagadish Narasingh K.C., CA Member, Nepali Congress
6. Madhab Paudyal, Secretary, Office of the Prime MInister and Council of Ministers
7. Dr. Trilochan Upreti, Secretary, Ministry of Law, Justice and Parliamentary Affairs
8. Yagya Murti Banjade, Attorney General
9. Kumar Chudal, Deputy Attorney General
10. Murari Paudyal, Office of the Attorney General
11. Narendra Pathak, Former Deputy Attorney General
12. Dr. Ram Krishna Timilsina, Registrar/ Spokesperson, Supreme Court
13. Gauri Pradhan, Member/Spokesperson, NHRC
14. Pushkar Raj Nepal, Department of Forest
15. Nutan Thapaliya, President, FOHRID
16. Raksha K.C., Nepal Army Headquarters
17. Krishna Prasad Adhikari, Inspector, Nepal Police Headquarters
18. Sudha Upreti, OHCHR
19. Hari Prasad Bhattarai, RSDC
20. Madhavji Shrestha, Civil Society
21. Prof. Dr. Birendra Mishra, Former Chief Election Commissioner
22. Shashi Kumar Pokharel Upadhyaya, FOPHUR
23. Krishna Prasad Aryal, FOHRID
24. Subodh Pyakurel, INSEC
25. Samjha Shrestha, INSEC
26. Bidhya Chapagain, INSEC
27. Dal Bahadur B.K., PDRC
28. Kanchan Kharel, HURFON
29. Advocate Krishna Devkota, FOHRID
30. Advocate Ekraj Gautam, Civil Society
31. Shanta Sedhain, Nepal Bar Association
32. Gyan Prasad Dhakal, National Women Society
33. B.P. Bhandari, NHRCC
34. Parshuram Kafle, Naya Patrika
35. Yamuna Aryal, Freelancer
36. Ramesh Thapa, Civil Society
37. Narad Gautam, Gorkhapatra
38. Shesh Narayan Paudyal, Civil Society
39. Charan Prasain, JFHR
40. Ajita Pande, LACC
41. Advocate Mira Dhungana, FWLD
42. Suman Lamichhane
43. Niranjan Sapkota
44. Advocate Dinesh Tripathi
45. Advocate Kamal Pokharel, CLS
46. Bishnu Pukar Shrestha, CAHURAST
47. Advocate Punya Prasad Khatiwada, COS
48. Bijaya Kumar Son, Today's Youth
49. Kul Basnet, Today's Youth
50. Mahendra Tiwari, Civil Society
51. Prem Raj Sharma
52. Pradeep Pokharel, HUDEP
53. Bishnu Hari Bhandari, IHRICON
54. Gayatri Devi Gauli, Student
55. Mandira Karmacharya, Student
56. Dr. Shankar Kumar Shrestha, VIctimologist
57. Rhishi Raj Bhandari
58. Advocate Birendra Thapaliya, Chairperson, FOHRID
59. Bishnu Raj Kadariya, AJAR Nepal
60. Advocate Ram Krishna Kafle
61. Bishnu Khatri, Youth Action Nepal
62. Krishna Kandel, CPJS
63. Janakraj Sapkota, CPJS
64. Keshav Sigdel, Amnesty International
65. Advocate Pawan Kumar Jayaswal
66. Advocate Raj Kumar Siwakoti, FOHRID/ Citizen's Task Force to Combat Impunity
67. Janak Gautam, Avenues Television
68. Niranjul Kayastha, Avenues Television
69. Yagya Khatri, HURFON
70. Advocate Sindhu Sapkota, FOHRID
71. Prof Kapil Shrestha, Tribhuwan University
72. Netra Acharya, SAHR
73. Pariksha Rana, ICJ
74. Sharmila Dhakal, BDS
75. Advocate Govinda Sharma Bandi, Citizen's Task Force to Combat Impunity
76. Satish Sharma
77. Tulasi Bahadur Karki, FOHRID
78. Mahendra Tiwari, COCAP
79. Dr. Hari Sharma, Civil Society

**Annex 2 Detail program.**

# रोम विधानको अनुमोदन र यसको क्षेत्राधिकार

## विषयक अन्तरक्रिया कार्यक्रम : संक्षिप्त प्रतिवेदन

### पृष्ठभूमि/सन्दर्भ

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान पारित भएको १० वर्ष पुगिसकेको छ । यसै सन्दर्भमा २०६३ श्रावण ९ गते तत्कालीन संसदले नेपाल सरकारलाई पनि रोम विधानमा सम्मिलनको लागि संकल्प प्रस्तावमार्फत आदेश दिइसकेको छ । संसदको यस संकल्प प्रस्तावपश्चात् नेपाल सरकारले रोम विधान अनुमोदनपश्चात्का दायित्व र यसले घरेलु कानुनमा पार्ने प्रभावको अध्ययनका लागि एक समिति बनाइ हेग पठाएको र उक्त समितिले आफ्नो प्रतिवेदनसमेत सरकारलाई बुझाइसकेको अवस्थामा नेपाल सरकारले पनि यसको अनुमोदन निम्ति चासो नदेखाइरहेको अवस्था विद्यमान छ । एकातर्फ विगतको १० वर्ष लामो सशस्त्र संघर्षको दौरान थुप्रै मानवताविरुद्धका अपराधहरु भएका छन्, जसको सम्बोधन अपरिहार्य छ भने अर्कोतर्फ भविष्यमा पनि त्यस्ता घटनाहरु नहोलान् भन्ने कुरालाई पनि नकार्न सकिदैन । त्यसैले भविष्यमा हुनसक्ने सम्भाव्य मानवताविरुद्धका अपराधलाई रोक्न तथा विगतमा भएको अपराधलाई कानुनी दायरामा ल्याउनु अहिलेको आवश्यकता हो । यही सन्दर्भमा रोम विधानको अनुमोदन र यसको क्षेत्राधिकारको बारेमा मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) र दण्डहीनताविरुद्ध संघर्षका लागि नागरिक कार्यदलको संयुक्त आयोजनामा १४ श्रावण २०६४ तदनुसार २९ जुलाई २००८ का दिन एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो ।

### कार्यक्रमको सञ्चालन प्रक्रिया

वरिष्ठ मानव अधिकारवादी नूतन थपलियाको सभापतित्व, वरिष्ठ अधिवक्ता एवं संविधानसभासद सपना प्रधान मल्लको प्रमुख आतिथ्यमा सञ्चालित उक्त अन्तरक्रिया कार्यक्रममा अधिवक्ता गोविन्द शर्मा वन्दी र अधिवक्ता रवीन्द्र भट्टराईद्वारा कार्यपत्र प्रस्तुत गरिएको थियो । भट्टराईद्वारा **अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा सम्मिलनको जरुरत र आसन्न समस्या** शीर्षकमा र वन्दीद्वारा **अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार**को विषयमा कार्यपत्र प्रस्तुत गरिएको थियो भने मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड) का अध्यक्ष वीरेन्द्रप्रसाद थपलियाले सञ्चालन गर्नुभएको थियो ।

### सहभागिता

उक्त कार्यक्रममा संविधानसभाका सभासदहरु, नेपाल सरकारका जिम्मेवार प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि, महान्यायाधिवक्ता, सर्वोच्च अदालतका प्रतिनिधि, सुरक्षा निकाय (नेपाल प्रहरी,नेपाली सेना, सशस्त्र प्रहरी)का प्रतिनिधि, कानुन व्यवसायी, पत्रकार, मानव अधिकारवादी लगायत करिब ८० जनाको सहभागिता रहेको थियो ।

### कार्यक्रममा अतिथि वक्ता एवं सहभागीहरुद्वारा व्यक्त विचार

#### डा. त्रिलोचन उप्रेती, सचिव, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

Dr. Trilochan Upreti, Secretary, Ministry of Law, Justice and Parliamentary Affairs



तत्कालीन परराष्ट्र मन्त्री के.पी. ओलीबाट रोम विधान सम्मिलनमा सहमति जनाइएको थियो । रोम विधान अनुमोदन पछि थपिने दायित्व र घरेलु कानुनमा सुधारको लागि सरकारद्वारा गठित दुईवटा कार्यदलहरुबाट प्रतिवेदन प्रस्तुत भइ सम्बन्धित मन्त्रालयमा समेत पुऱ्याइएको छ । ती प्रतिवेदनका सुझावहरु सकारात्मक भएता पनि ती प्रतिवेदनहरु त्यतिकै रोकिएर बसेको अवस्था छ । राजनीतिक अस्थिरता, पटक-पटक सरकारमा हुने परिवर्तन र राजनीतिक सहमतिको अभावजस्ता कारणहरुले यसलाई छायामा पारेको छ । अहिले सरकार गठन, नयाँ संविधान निर्माण र शान्ति प्रक्रियालगायतका कुराहरुले प्राथमिकता पाएकाले रोम विधान अनुमोदनको कुरा पछि परेको यथार्थता छ । रोम विधानमा सम्मिलनपछि घरेलु कानुनी संयन्त्रलाई कसरी सुधार र पुनसंरचना गर्ने भन्नेमा विचार गर्नुपर्छ ।

## माधव पौडेल, सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

Madhab Paudyal, Secretary, Office of the Prime MInister and Council of Ministers



तत्कालीन पुनःस्थापित संसदले ०६३ श्रावण ९ मा सरकारलाई रोम विधान अनुमोदनको लागि संकल्प प्रस्तावमार्फत निर्देश गरिसकेकोले नेपाल यसको पक्ष राष्ट्र बन्नुपर्छ वा पर्दैन भन्नेमा कुनै द्विविधा छैन । हाल मुलुक अत्यन्त संवेदनशील अवस्थामा छ । महत्वपूर्ण निर्णयहरु संक्रमणकालीन अवस्थामा नै लिनुपर्छ । त्यसैले रोम विधान अनुमोदन पनि यही समयमा अघि बढ्नुपर्छ । वर्तमान समयमा अन्य कार्यहरुले महत्व पाएकाले रोम विधानको मुद्दा पछि परेको हो । रोम विधान अनुमोदन भएपछि थपिने दायित्वको बहन र घरेलु कानुनी संयन्त्रलाई कसरी सुधार गर्ने भन्नेमा विचार गर्नुपछ । १९९० भन्दा पहिले मानव अधिकार समुदाय/नागरिक समाजमा अहिले जस्तो चेतना नआइसकेको अवस्थामा पनि सरकार र कर्मचारीतन्त्रको पहलबाट महत्वपूर्ण अन्तर्राष्ट्रिय सन्धि/सम्झौतामा हस्ताक्षर गरिएको थियो । मानव अधिकार संरक्षण गर्ने राष्ट्रको रुपमा पहिचान पाउन, सुशासनको प्रवर्द्धन गर्न र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न मानव अधिकारको संरक्षणप्रति नेपाल प्रतिवद्ध छ । फौजदारी अदालतले पनि मानव अधिकार संरक्षणको लागि सहयोग गर्ने भएकाले यसको सदस्य बन्नुपर्छ । घरेलु कानुनी संयन्त्र प्रभावविहीन भएमा मात्र यो आकर्षित हुने भएकाले घरेलु कानुनलाई प्रभावकारी बनाउनुपर्छ । मुलुकी ऐनबाट आधुनिक न्याय प्रणालीको प्रत्याभूति गर्न नसकिने भएकाले पुराना न्यायिक संयन्त्रहरुलाई परिमार्जित गरिनुपर्छ ।

## सपना प्रधान मल्ल, सभासद Sapana Pradhan Malla, CA Member, CPN-UML



हामी हाल समावेशी गणतन्त्रात्मक लोकतान्त्रिक नयाँ नेपालतर्फको यात्रामा छौं । कानुनको शासन, मानव अधिकारको प्रवर्द्धन र विधिको शासनको लागि दण्डहीनता अन्त्य अपरिहार्य छ । राज्यपक्ष, गैरराज्यपक्ष एवं राजनीतिक तवरबाट दण्डहीनताले उन्मुक्ति पाइरहेको अवस्था छ । मानव अधिकार समुदाय शान्ति प्रक्रियापछि पनि आपराधिक क्रियाकलापमा संलग्न स-सना सशस्त्र समूहहरुलाई कसरी न्यायिक प्रक्रियामा ल्याउने भन्नेमा पनि लाग्नुपर्छ । रोम विधानको अनुमोदनपूर्व नै जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको बचाउ गर्ने अन्तर्राष्ट्रिय महासन्धि एवं आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखलाई अनुमोदन गर्नुपर्छ । वर्तमान कानुनी संयन्त्रमा भएका हदम्यादका प्रावधानहरु संकुचित छन् । तिनीहरुलाई विस्तृत एवं कडा प्रावधान राखिनुपर्छ । युद्धको समयमा बलात्कारलाई युद्ध औजारको रुपमा प्रयोग गरिने भएकाले त्यसलाई रोक्न रोम विधान सहायक छ । अहिलेको हाम्रो मुख्य सरोकार भनेको दण्डहीनताविरुद्ध जवाफदेहीताको संस्कृति मुख्य लडाई हो । अभियुक्तलाई कानुनी प्रक्रियासँग ल्याउने र पीडितलाई न्यायसम्म पहुँच दिलाउने भएकाले रोम विधानले पीडितको आत्म सन्तुष्टिमा सहयोग गर्छ । पुनः पीडित नहुने कुराको प्रत्याभूति पनि पीडितको मुख्य सरोकार हो, जसमा रोम विधानले सहयोग गर्छ । रोम विधान अनुमोदनमा राजनीतिक सोच र प्रतिवद्धताको कमी प्रमुख समस्या भएकाले राजनीतिक प्रतिवद्धता कसरी स्थापित गराउने भन्नेमा सबैले जोड दिनुपर्छ । घरेलु कानुनको पूरकका रुपमा मात्र रोम विधान आउने अर्थात घरेलु तहबाट कानुनी उपचार सम्भव नभएमा मात्र रोम विधानको क्षेत्राधिकार आकर्षित हुने भएकाले सर्वप्रथम घरेलु कानुनलाई नै परिपक्व बनाउनुपर्छ । हाल नेपाल वर्गीय, जातिय, भाषागत, भौगोलिक एवं राजनीतिक रुपले विभाजित भएको अवस्थामा रोम विधानमा सम्मिलनको आवश्यकता अझ बढेको छ । पूर्वाधार निर्माण गरेपछि सम्मिलन भन्ने कुरा असम्भव भएकाले सम्मिलनसँगसँगै पूर्वाधारको विकास गर्नुपर्छ । दण्डहीनता बढ्नुको मुख्य कारण अपराधको राजनीतिकरण गरिनु भएकाले त्यसको अन्त्य जरुरी छ ।

## नरहरि आचार्य, सभासद, नेपाली काँग्रेस Narahari Acharya, CA Member, Nepali Congress



अपराधलाई अन्तर्राष्ट्रियकरण गर्ने एवं घरेलु कानुनी संयन्त्रको पूरकका रुपमा काम गर्ने भएकाले रोम विधानमा सम्मिलन आवश्यक छ । यसमा सम्मिलनपश्चात नेपाललाई कानुनी, व्यवहारिक एवं प्राविधिक फाइदा हुन्छ । रोम विधान सम्मिलनको सन्दर्भमा कुरा गर्दा यसको अनुमोदनपश्चात्का प्रक्रिया बारेमा छलफल हुनुपर्छ । संसदले राजनीतिक अनुमोदन गरिसकेको छ अर्थात प्रतिवद्धताको रुपमा पारित गरिसकेको छ । तर त्यसपछि राजनीतिक नयाँ परिवर्तन भएकाले उक्त प्रतिवद्धतामा पुनः अर्को राजनीतिक समर्थन आवश्यक छ । रोम विधानले मानवताको संरक्षण गर्न र राष्ट्रिय सीमाभित्र निरुपण गर्न नसकिने अपराधलाई अन्तर्राष्ट्रिय तवरबाट नियन्त्रण गर्न सहयोग गर्छ । संविधानसभाले संसदको पनि काम गर्ने भएकाले यसमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदनको लागि संसदमा स्थान दिइनुपर्छ । यसको सम्मिलनको लागि पार्टीगत एवं व्यक्तिगत तवरबाट आवाज उठाउने प्रतिवद्धता व्यक्त गर्दछु ।

**डा. रामकृष्ण तिमिल्सिना, रजिष्ट्रार सर्वोच्च अदालत**

Dr. Ram Krishna Timilsina, Registrar/Spokesperson, Supreme Court



रोम विधान अनुमोदन पश्चात्का दायित्व बारेमा अध्ययन गर्न गठित २ वटा समितिले प्रतिवेदन सरकारलाई बुझाइसकेको छन् तर सरकारले यसलाई सार्वजनिक गर्न सकिरहेको छैन । यद्यपि उसले सूचनाको हकसम्बन्धी विधेयक पनि पारित गरिसकेको छ । फोरिडद्वारा प्रकाशित दस्तावेजको अध्ययनले फौजदारी न्याय प्रणालीको पुन:संरचनाको लागि सहयोग गर्नेछ । फोरिडले सर्वोच्च अदालतलाई पुस्तक उपलब्ध गराएकोमा धन्यवाद व्यक्त गर्दै सम्भव भएसम्म प्रत्येक न्यायधीशलाई पुऱ्याउने प्रतिवद्धता व्यक्त गर्दछु । रोम विधानको स्थापना भएको १० वर्ष मात्र भएको तर अदालतमा कार्यरत न्यायाधीशहरुले त्यो भन्दा पहिले कानुन पढेको हुनाले पछिल्लो समयमा विकसित अन्तर्राष्ट्रिय संयन्त्र विशेषत: फौजदारी अदालतको रोम विधानका बारेमा न्यायाधीशहरु कम जानकार रहेकोले सबै न्यायाधीशहरुलाई फौजदारी न्याय प्रणालीको बारेमा तालीम दिनु आवश्यक छ । यसको लागि फोरिडले पलह गरेमा अदालतबाट गर्नुपर्ने सहयोगको लागि सर्वोच्च अदालत पूर्ण प्रतिवद्ध छ ।

**जगदिश नरसिंह के.सी., सभासद** Jagadish Narasingh K.C., CA Member, Nepali Congress



रोम विधान अनुमोदनको लागि संसदले संकल्प प्रस्ताव पारित गरेको छ तर कार्यान्वयन हुन सकिरहेको छैन । नेपालमा कानुन बनाउने तर कार्यान्वयन नगर्ने समस्या व्याप्त छ । नेपाल पक्षराष्ट्र भएका एउटा पनि दस्तावेजलाई लागू गर्न सक्ने अवस्था छैन । यसको प्रमुख समस्या राजनीतिक अपराधीकरण हो । त्यसको साथसाथै सामाजिक एवं आर्थिक रुपमा पनि दण्डहीनता बढिरहेको छ । कानुन, नियम, विधि र विधानबाट शासन सञ्चालन गर्न राज्य असक्षम भएकोले यहाँ ठूलालाई चैन सानालाई ऐन भएको छ । लोकतन्त्र बहालीपछि दण्डहीनताको अवस्था अझ बढेको छ । सप्तरीमा जिल्ला शिक्षा अधिकारी मारियो तर त्यसमा संलग्नहरुलाई राजनीतिक संरक्षण दिइरहेको अवस्था छ । नेपालमा हत्या, लुटपाट, अपहरण एवं बलात्कार दिनचर्या भइसकेको छ । चुनावको बेलामा नेताका टाउका फुटाइयो, मान्छे मारियो तर राज्यले कुनै कारवाई गर्न सकेन जसको प्रमुख कारण अपराधलाई राजनीतिक संरक्षण दिइनु थियो । राणाकालीन न्याय प्रणाली परिवर्तन हुनुपर्छ । संसदबाट रोम विधान अनुमोदनको निम्ति आफू र आफ्नो पार्टीले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**डा. शंकरकुमार श्रेष्ठ, पीडितशास्त्री** Dr. Shankar Kumar Shrestha, Victimologist



अधिकारवादीहरुले पहिलो प्राथमिकता पीडितलाई दिनुका सट्टा दण्डहीनतालाई दिइरहेकोले पीडितको न्यायका सबाललाई ओझेलमा पारेको छ । पहिलो प्राथमिकता पीडितलाई दिइनुपर्छ । मैना सुनुवारको मुद्दामा सर्वोच्चबाट निर्देशनात्मक आदेश आयो, त्यस्तै कालीकोट कोटवाडामा फोरिडबाट दायर गरिएको मुद्दामा पनि त्यस्तै आदेश जारी भयो । आखिर त्यसमा पनि पीडितले के पाए त ? पीडितहरु सधै भोको पेट बसिरहने त ? पीडितलाई क्षतिपूर्तिको लागि कसले र के पहल गर्ने ? उनीहरुले कसरी जीवन निर्वाह गर्ने ? के संस्मरण र श्रद्धाञ्जली घोषणाबाट मात्र पीडितको न्याय हुन्छ ? भोको पेटले डाँडावारी खाऊँ भन्छ भने खाएको पेटले डाँडापारी जाऊँ भन्छ, त्यसैले भोको पेटको भोक मेटाउने प्रयत्न गरिनुपर्छ । अन्तर्राष्ट्रिय स्तरबाट विकसित संयन्त्रहरुमा पनि पीडितको क्षतिपूर्तिको लागि बोलिएको छैन । रोम विधान पनि पीडितको जीविका र क्षतिपूर्तिको बारेमा मौन छ । हामीहरु विधिको शासनबाट प्रविधिको शासनमा रुपान्तरित भएकाले पीडितको जीविकामा समस्या आएको हो । प्रविधिको शासनमा गठनबन्धन, दल, संगठनलगायतको बोलबाला हुन्छ । त्यसैले प्रविधिको शासनमा पीडितको कहिल्यै न्याय हुन सक्दैन । अत: पीडितमुखी न्यायको लागि पहल गरिनुपर्छ । जसको लागि फौजदारी न्याय प्रणालीलाई सुधार गरि यसमा पीडितको बारेमा व्यापक सुनुवाई गरिने प्रावधानलाई समावेश गरिनुपर्छ ।

**चरण प्रसाईं, संयोजक, मानव अधिकार संयुक्त मञ्च**



पीडितलाई जहिले पनि न्याय प्रक्रियाको केन्द्रविन्दुमा राख्नुपर्छ । हाल ल्याइएको सत्य निरुपण तथा मेलमिलाप आयोगको मस्यौदा पनि पीडितमुखी नभइ माफी केन्द्रीत छ । यसले पीडितको न्यायभन्दा पनि पीडकको उन्मुक्तिलाई अघि सारेको छ । संसदले २ वर्ष पहिले दिएको निर्देशनात्मक आदेश पनि सरकारले पालन गरिरहेको छैन । त्यस्तै सूचनाको हकसम्बन्धी विधेयक पारित गरिसक्दा पनि रोम विधान सम्मिलनपश्चात्का दायित्वका बारेमा अध्ययन गर्न गठित समितिले बुझाएका प्रतिवेदन पनि सार्वजनिक नगरिनु दु:खको कुरा हो । मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने दायित्व सरकारको हो । मानव अधिकारवादीले लामो आन्दोलन गर्दा गर्दै थाकिसकेका छन् । सरकारी अधिकारीले औपचारिकताको लागि मात्र बोल्ने गर्छन् । त्यस्तै जननिर्वाचित प्रतिनिधिहरु चाकडी र चाप्लुसीमा मात्र लाग्ने गरेका छन् । उनीहरु आफ्नो पद बहाली र उपयुक्त अवसरको खोजीका लागि जनताको भावनालाई भूलिरहेका छन् ।

**गौरी प्रधान, सदस्य/प्रवक्ता, मानव अधिकार आयोग** Gauri Pradhan, Member/Spokesperson, NHRC



रोम विधानको अनुमोदन अन्तर्राष्ट्रिय सरोकार र राष्ट्रिय दायित्वसँग जोडिएको छ । दक्षिण एसियामा नेपालले सबभन्दा धेरै मानव अधिकार संयन्त्रहरुको अनुमोदन गरेको छ भने लागू नगर्ने मूलुकको सबभन्दा पहिलो स्थानमा पनि नेपाल नै छ । हाम्रो प्रमुख समस्या नै यही हो । विश्व एउटा गाउँको रुपमा विकसित भएकाले अन्तर्राष्ट्रिय विकासक्रमबाट हामी पछि रहन सक्दैनौं । रोम विधान अनुमोदनमा राष्ट्रिय तयारी, मानसिकता र राजनीतिक प्रतिवद्धता आवश्यक छ । नेपालको विगतको सशस्त्र संघर्षलाई हेर्दा उक्त समयमा थुप्रै मानवताविरुद्धका अपराधहरु भएका छन् । यद्यपि आमसंहारको बारेमा अध्ययन एवं अनुसन्धान हुन आवश्यक छ । त्यस्तै जेनेभा महासन्धिको साझा धारा ३ पनि सशस्त्र संघर्षको समयमा उल्लंघन भएकोमा द्विविधामा पर्नु आवश्यक छैन । अन्तरिम संविधानले राष्ट्रिय मानव अधिकार आयोग संवैधानिक अंग बनाएपनि विडम्बना भन्नुपर्छ आयोगका सिफारिसहरु सरकारले पालना गरिरहेको छैन । आयोगका सिफारिस कार्यान्वयन नगर्नेमा नेपाली सेना र माओवादी अग्र स्थानमा छन् । राष्ट्रिय स्तरबाट सम्बोधन गर्न नसकिने अपराधमा अन्तर्राष्ट्रिय स्तरबाट सम्बोधन गर्नको लागि रोम विधान अनुमोदनको लागि आवश्यक छ । राष्ट्रिय मानव अधिकार आयोग फोरिड लगायतका संस्थाबाट भइरहेका दण्डहीनताविरुद्धको संघर्षमा प्रतिवद्धता व्यक्त गर्दछु ।

**यज्ञमूर्ति बञ्जाडे, महान्यायाधिवक्ता** Yagya Murti Banjade, Attorney General



तत्कालीन संसदले रोम विधानमा सम्मिलनको लागि संकल्प प्रस्ताव पारित गरिसकेको छ । उचित समयमा प्रक्रियाहरु पुऱ्याएर त्यसलाई पनि गर्नेछ । अनुमोदन किन भएन भनि विगततर्फ जानुभन्दा पनि यसको अनुमोदन कहिले हुन्छ भन्नेतर्फ जानुपर्छ । शान्ति प्रक्रिया, संविधानसभाको निर्वाचन लगायतका कुराले रोम विधान अनुमोदनको प्रक्रिया केही पछि परेको छ । रोम विधान अनुमोदन नहुनुमा प्रमुख कारण मनोवैज्ञानिक हो । प्रायजसो राजनीतिक दलमा रोम विधानमा अनुमोदन गरेपछि आफूहरु कठघरामा जानुपर्छ भन्ने त्रास रहेको छ । यद्यपि राज्य पक्षले आव्हान नगरेसम्म रोम विधान अनुमोदन गरेको दिनपछि मात्र यो विधान लागू हुन्छ । बेपत्ता सम्बन्धी ऐन एवं सत्य निरुपण तथा मेलमिलाप आयोग सम्बन्धी विधेयकको मस्यौदा विधेयक समितिमा पुगेपछि माओवादीले माफीको व्यवस्था राख्नुपर्ने माग गरेपछि अलमलमा परेको छ । अर्को भ्रम देशको सार्वभौमिकतामा रोम विधानको अनुमोदनले असर पुग्छ भन्ने हो । रोम विधानमा अनुमोदनपश्चात देशको सार्वभौमिकतामा कुनै खतरा पुग्दैन । नेपालको फौजदारी कानुनमा पुनरावलोकन गर्नुपर्छ । पूराना कानुनबाट प्रभावकारी न्याय सम्पादन गर्न सकिदैन । फौजदारी न्याय प्रणालीमा सुधारको लागि एउटा स्थायी समिति बनाइ प्रत्येक ५ / ५ वर्ष फौजदारी न्याय प्रणालीलाई सुधार गर्दै जानुपर्छ । कानुनहरु पीडित केन्द्रित पनि छैनन् । सानो-सानो अपराधमा पनि दण्डहीनता बढेको छ । शान्ति प्रक्रिया खलबलिने निहु वा भयले संगठित अपराधलाई बढवा दिइरहेकाले कानुनी शासनप्रति नै नागरिकको वितृष्णता बढेको छ ।

**निलाम्बर आचार्य** Nilambar Acharya, CA Member, Nepali Congress



हामीहरु मानवको विश्वमा प्रवेश गरको छौं । रोम विधानमा सम्मिलन अत्यन्त आवश्यक छ । पूर्वाधारको तयारीपश्चात् सम्मिलन गर्ने भन्ने कुरा असम्भव हुन्छ, त्यसैले सम्मिलन सँगसँगै पुर्वाधारहरुको विकास गर्नुपर्छ । पीडितलाई न्याय सँगसँगै पीडकलाई कारवाईको प्रक्रियामा ल्याइनु आवश्यक छ । लोकतन्त्रको बहालीपछिको विगत २ वर्षमा न्यायहीनता, अशान्ति र दण्डहीनता बढिरहेको छ । द्वन्द्वपछिको सरकारले रोम विधानमा सम्मिलन नगर्ला भन्ने त्रास विद्यमान छ । यदि यसो भयो र रोम विधानमा सम्मिलन भएन भने भविष्यमा अझ ठूला हत्या र द्वन्द्वलाई प्रोत्साहित गर्छ । देशको फौजदारी कानुन, मुलुकी ऐन लगायतका ऐनलाई पुनसंरचना गरी अघि बढ्नुपर्छ । कानुनको सर्वोच्चताभन्दा पनि नागरिकको सर्वोच्चतातर्फ लाग्नुपर्छ ।

**नूतन थपलिया, सभापति, फोरिड** Nutan Thapaliya,Charperson, FOHRID



रोम विधान अनुमोदनले जवाफदेहीताको प्रवर्द्धन गर्छ । यसको अनुमोदनपश्चात् नेपालको अन्तर्राष्ट्रिय छवी पनि उच्च हुन्छ । हामीहरु एकतह माथि पुग्नेछौं । दण्डहीनताको संस्कृतिबाट जवाफदेहीताको संस्कृतिमा जान रोम विधानले सहयोग गर्छ । साथै, रोम विधानमा अनुमोदनपश्चात विदेशी दातृ निकायले पनि सहयोग बढाउँछन् । यसले नेपाललाई सहयोग नै पुग्छ । आजको कार्यक्रममा सभासदहरु, उच्च सरकारी अधिकारी एवं सुरक्षा निकायका प्रतिनिधिहरुको उपस्थिति देख्दा जवाफदेहीताको शुरुवात भएको लागेको छ । कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापन भएको घोषणा गर्दछु ।

For further information:

Advocate Raj Kumar Siwakoti
Secretary General, FOHRID

**FOHRID, Human Rights and Democratic Forum**
GPO Box 19186,
196/14, Dillibazar, Kathmandu
Tel: + 977 1 44 23 125,
Fax: + 977 1 44 38 812
Email: fohrid@wlink.com.np
Webpage: www.fohrid.org.np

**Task Force to Combat against Impunity**
Secretariat: FOHRID Human Rights and Democratic Forum, GPO Box 19186, Dillibazar, Kathmandu, Nepal, Tel: +977 1 44 23 125Fax: +977 1 4 438812
Email : fohrid@wlink.com.np webpage: www.fohrid.org.np